धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

**प्रति इकाई अंकित मूल्य रु.१०/- दरको १२,००,००,००० (अक्षरेपी बाह्र करोड मात्र) इकाई मध्ये न्यूनतम् बिक्री हुनुपर्ने ६,००,००,००० वा कुल बिक्री भएको इकाई संख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई मध्ये योजना व्यवस्थापक कम्पनी श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेडलाई १.५० प्रतिशत वा १८,००,००० इकाई तथाकोष प्रवर्द्धक कम्पनी श्री ग्लोबल आइएमई बैंक लिमिटेडलाई १३.५० प्रतिशत वा १,६२,००,००० इकाई सुरक्षित राखी बाँकि न्यूनतम् १०,२०,००,००० इकाई यस विवरण पुस्तिकाको शर्त अनुसार सार्वजनिक रुपमा निष्कासन गरिएको ।**

**कोष प्रवर्द्धक:**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**योजना व्यवस्थापक:**

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

Global IME MUTUAL FUND | Nurturing Capital

**अन्तर्गत सञ्चालन हुने**

| | | |
|---|---|---|
| निष्कासन खुल्ला मिति | : | २०७९/०३/२२ गते |
| निष्कासन बन्द हुने मिति (छिटोमा) | : | २०७९/०३/२६ गते (बैंकिङ्ग समय पश्चात्) |
| निष्कासन बन्द हुने मिति (ढिलोमा) | : | २०७९/०४/०४ गते (बैंकिङ्ग समय पश्चात्) |

**दरखास्त दिन पाउने न्यूनतम इकाई संख्या : १००**
**दरखास्त दिन पाउने अधिकतम इकाई संख्या : १,२०,००,०००**

**दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१०/- प्रति इकाईका दरले ।**

# ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड-१ (Global IME Balanced Fund - I)

# आव्हान पत्र

**यो विवरण पुस्तिका नभई केवल आह्वान पत्र मात्र हो ।**

नेपाल धितोपत्र बोर्डबाट योजना संचालन तथा विवरण पुस्तिका स्वीकृत मिति : २०७९/०२/०४ गते ।

## १. योजना सम्बन्धी संक्षिप्त जानकारी :

| | | |
|---|---|---|
| क | योजनाको नाम | ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड- १ (Global IME Balanced Fund - I) |
| ख | योजनाको आकार | रु.१,२०,००,००,०००।- (अक्षरेपी एक अर्ब बीस करोड मात्र) |
| ग | प्रति इकाई मूल्य | रु.१०/- (अक्षरेपी दश मात्र) |
| घ | निष्काशन गर्न लागिएको इकाई संख्या | १२,००,००,००० (अक्षरेपी बाह्र करोड मात्र) |
| ङ | न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या | ६,००,००,००० (अक्षरेपी छ करोड मात्र) |
| च | अधिकतम सकारिने इकाई संख्या | १५,००,००,००० (अक्षरेपी पन्ध्र करोड मात्र) |
| छ | योजनाको प्रकार | बन्दमुखी (Close-Ended) |
| ज | योजनाको अवधि | १० वर्ष |
| झ | योजना परिपक्व हुने मिति | योजनाको अवधि इकाई बाँडफाँट भएको मितिले १० वर्ष (उक्त अवधि पश्चात् योजनाको लगानीलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानुन बमोजिम वितरण गरिने)। |
| ञ | इकाई बिक्री केन्द्रहरु | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सी-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । |
| ट | खरीद गर्नुपर्ने न्यूनतम इकाई संख्या | १०० (अक्षरेपी एक सय मात्र) |
| ठ | खरीद गर्न सकिने अधिकतम इकाई संख्या | १,२०,००,००० (अक्षरेपी एक करोड बीस लाख मात्र) |
| ड | इकाई बिक्री तथा बाँडफाँट सम्बन्धी व्यवस्था | इकाई बिक्रीका लागि आवेदन लिने कार्य समाप्त भएपश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँट गरिने । |
| ढ | सूचीकरण तथा दोस्रो बजार कारोबार व्यवस्था | योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि.मा सुचीकृत गरी कारोबार हुने व्यवस्था गरिने । |
| ण | योजनाको मुनाफा वितरणको लक्ष्य | योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिने । संचित मुनाफा (Retained Earning) पुनः लगानीका लागि उपयोग गरिने । |
| त | इकाई खरीद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु | नियमावली एवं निर्देशिकाको अधिनमा रही नेपाली नागरिक, गैर आवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक, वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै संचयकोष, कल्याणकारी कोष, गुठी, अक्षयकोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरीद गर्न आवेदन दिन सक्ने । |
| थ | योजना व्यवस्थापकको नाम तथा ठेगाना, स्थापित ऐन, दर्ता मिति, नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति | ग्लोबल आइएमई क्यापीटल लिमिटेड, पो. ब. नं. २१५९९, वडा नं. १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौ । कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन बमोजिम स्थापना भएको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०६५/०२/१४, दर्ता नं. १०६७/०६४/०६५ नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त मितिः २०७२/०४/१९ |
| द | योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना | ए पी एण्ड एशोसिएट्स, कमलादी (वाह्य लेखापरीक्षक) । |
| ध | योजनाको लेखापरीक्षकको नाम तथा ठेगाना | जि एण्ड जि एशोसियट्स, न्यू प्लाजा, काठमाडौं |
| न | कोष सुपरिवेक्षकको नाम तथा ठेगाना | **कोष सुपरिवेक्षक, ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड-१**<br>१. **श्री सुरेन्द्र मान प्रधान**, ठेगाना : टोखा न.पा.-३, बसुन्धरा, काठमाण्डौ ।<br>२. **श्री भरत रिजाल**, ठेगाना : कोटेश्वर, काठमाण्डौ ।<br>३. **श्री जन्म जय रेग्मी**, ठेगाना : का.म.न.पा.-३१, काठमाण्डौ ।<br>४. **श्री दुर्गा दत्त ढकाल**, ठेगाना : टोखा न.पा., वडा नं. ७, धापासी, काठमाण्डौ ।<br>५. **श्री प्रकाश कुमार ढुङ्गाना**, ठेगाना : सुविधानगर, तिनकुने, काठमाण्डौ म.न.पा.-३२, काठमाण्डौ । |
| प | रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत | रेटिङ्ग कम्पनी : श्री ईक्रा नेपाल लिमिटेड ।<br>"[ICRANP] AMC Quality 3 Reaffirmed (AMC 3)" (Asset Management Company Quality Three). उक्त रेटिङ्गले adequate assurance on the fund management quality जनाउँछ । For FMQR categories 2, 3 and 4, the sign of + (plus) appended to the symbols indicate their relative position within the category concerned.<br>क्रेडिट रेटिङ्ग प्रदान गरिएको मिति : ३१ मार्च २०२२ (चैत १७, २०७८), क्रेडिट रेटिङ्ग बहाल रहने अवधि : २८ मार्च २०२३ (चैत १६, २०७९) |
| फ | लगानीका क्षेत्रहरु | नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधिनमा रही इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी गरिनेछ :<br>१. बोर्डमा दर्ता भएका धितोपत्रहरु ।<br>२. सार्वजनिक निष्कासन भएको धितोपत्र ।<br>३. धितोपत्र विनिमय बजारमा सुचीकृत धितोपत्र ।<br>४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पुर्ण सुरक्षित हुने गरि सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बील तथा मुद्रा बजारका अन्य साधनहरु ।<br>५. बैंक निक्षेप ।<br>६. मुद्रा बजार उपकरण ।<br>७. धितोपत्र बोर्डले तोकिदिएको अन्य क्षेत्र । |
| ब | योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना | योजना व्यवस्थापक कम्पनी आफैले डिपोजिटरीको कार्य गर्ने । सो कार्य कम्पनीको नक्साल स्थित कार्यालयबाट गरिने । |
| भ | खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था | निर्देशिकाले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिने र सो विवरण नियमावलीले व्यवस्था गरे बमोजिम सार्वजनिक गरिनेछ । सो सम्बन्धी विस्तृत विवरण यस विवरण पुस्तिकाको बुँदा नं. ८.९ (क) र (ख) मा उल्लेख गरिएको छ । |

## २. कोष प्रवर्द्धक सम्बन्धी जानकारी :

**कोष प्रवर्द्धकको नाम : श्री ग्लोबल आइएमई बैंक लिमिटेड**

**कोष प्रवर्द्धकको संक्षिप्त इतिहास:** ग्लोबल आइएमई बैंक लिमिटेड प्रचलित कम्पनी कानुन बमोजिम मिति २०६३/०२/१५ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०६३/०९/१६ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्ने ईजाजतपत्र प्राप्त गरी बैंकले मिति २०६३/०९/१८ गतेदेखि आफ्नो वित्तीय कारोबार सञ्चालन गर्दै आएको छ । यस बैंकमा संस्थापक शेयरधनीहरुको ५१% र सर्वसाधारण शेयरधनीहरुको ४९% शेयर स्वामित्व रहेको छ । क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम नेपालको लागि स्वीकृति प्राप्त क्रेडिट रेटिङ्ग एजेन्सी ईक्रा नेपाल लिमिटेडबाट ग्लोबल आइएमई बैंक लिमिटेडको क्रेडिट रेटिङ्ग भई "[ICRANP-IR] A" रेटिङ्ग प्राप्त गरेको छ ।

## ३. कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :

कम्पनीको प्रबन्धपत्र अनुसार कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने
(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र
(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

## ४. कोष प्रवर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण :

ग्लोबल आइएमई बैंक लिमिटेडको विगत ३ (तीन) वर्षको लेखापरीक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण तथा विगत ३ (तीन) वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

### क) वासलात

| विवरण | वास्तविक (रु. हजारमा) | | | *२०७८/७९ चैत मसान्तसम्म |
|---|---|---|---|---|
| | आ.व.०७५/०७६ | आ.व.०७६/०७७ | आ.व.०७७/०७८ | |
| **सम्पत्ति** | | | | |
| नगद तथा नगद समान | ११,९४३,८२० | २०,७७६,४१२ | १५,७३१,८८६ | १५,५७५,१०९ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ५,२३९,४६६ | ११,८०३,४१२ | २५,३७०,५१४ | ९,२७९,८७४ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४०,००० | २,५०० | - | - |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण सम्पत्ति | ४,११२,५१७ | ८,८७६,१२३ | ५,६६३,६५० | २,२८७,८०६ |
| अन्य व्यापारिक सम्पत्तिहरु | ३८३,३८१ | ४९०,७५९ | ९०९,८०० | १,१३१,५०१ |
| बैंक तथा वित्तीय संस्थालाइ प्रवााह गरेको कर्जा तथा सापटी | ३,५०८,८०६ | ६,२२४,५६० | ८,५०९,९५८ | ८,७५८,०३८ |
| ग्राहकहरुलाई कर्जा तथा सापटी | ११२,१९५,२९४ | १९३,८९८,७८३ | २३४,८२८,६९० | २६८,४४५,६१५ |
| धितोपत्रमा लगानी | १३,१६४,९८६ | २६,४३०,३४५ | ४८,९२९,३४० | ४४,०३७,२६५ |
| चालू आयकर सम्पत्ति | १,३१७,३३० | १,७१२,७९३ | २,४४९,७३४ | १,६२८,३६६ |
| सहायक कम्पनीमा लगानी | - | - | | |
| सम्वद्ध कम्पनीमा लगानी | ४२२,१४८ | ५५१,६६९ | १,०१२,५६८ | ६५२,९१७ |
| सम्पत्तिमा लगानी | ११८,६८५ | ३३५,३०४ | ३५४,६४९ | ५७०,२९२ |
| सम्पत्ति र उपकरण | १,४१९,११० | २,५८९,५१६ | ३,३०५,७६७ | ३,३००,४८० |
| गुडवील (ख्याति) र अमूर्त सम्पत्ति | ३५,८१७ | २४२,६६० | २४३,३६४ | २४१,३७६ |
| स्थगन कर सम्पत्ति | २२०,१२० | २६५,६३४ | २६०,९३१ | ५२२,६२० |
| अन्य सम्पत्ति | १,११३,६९४ | २,७८४,१३० | ३,८२५,१४६ | ३,७५०,६७४ |
| कूल सम्पत्ति | १५५,२३५,१७४ | २७६,९८४,६०० | ३५१,३९५,९९६ | ३६०,१८१,९३४ |
| **दायित्व** | | | | - |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी रकम | ६,२९७,१०१ | १५,४३६,८५४ | १६,०४२,४३६ | १०,४२३,१९९ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | १,२३१,८०० | १,३३९,३६१ | ११,३२०,९९९ | १८,३१७,२८२ |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण दायित्व | ३,८७९,९०१ | ८,७७३,४४३ | ५,४४०,३७० | १,६७१,०२७ |
| ग्राहकबाट निक्षेप | १२०,९४३,२६० | २१२,९४९,१११ | २७०,११४,८४३ | २७१,६५७,५०२ |
| तिर्न बाँकी सापटी | १८,००० | २,४०४,००० | २,३७१,७७० | ८,०८०,६८१ |
| चालु आयकर दायित्व | १,२४५,९६९ | १,३४३,०३३ | २,०७४,१८२ | १,६६७,९४२ |
| व्यवस्था रकमहरु | - | - | | - |
| स्थगन कर दायित्व | - | - | | - |
| अन्य दायित्वहरु | ३,४१३,०१६ | ३,७७७,९६७ | ५,२८१,८०६ | ७,००८,३२२ |
| जारी गरिएका ऋणपत्र | १,४९६,४५२ | १,४९७,०६४ | ४,४९१,९९७ | ४,४९२,५५७ |
| असुरक्षित सहायक आवधिक दायित्व | - | - | - | - |
| कूल दायित्व | १३८,५२५,४९९ | २४७,५२०,८३३ | ३१७,१३८,४०२ | ३२३,३१८,५१३ |
| **पूँजी** | | | | |
| शेयर पूँजी | १०,३१०,५१५ | १८,९७५,८७९ | २१,६३२,५०३ | २३,७९५,७५३ |
| शेयर प्रिमियम | - | ५,३९३ | - | - |
| सञ्चित मुनाफा | २,८२५,४४९ | २,०३७,४१२ | ३,८५८,७६२ | २,१८६,९२० |
| जगेडा तथा कोषहरु | ३,४४१,६७१ | ८,२३३,८८६ | ८,२६१,६२२ | १०,३०९,७२२ |
| शेयरधनीहरुलाई बाँडफाँड योग्य पूँजी | १६,५७७,६३५ | २९,२५२,५७० | ३३,७५२,८८६ | ३६,२९२,३९५ |
| गैर नियन्त्रित स्वार्थ | १३२,०३९ | २११,२७७ | ५०४,७०७ | - |
| कुल पूँजी | १६,७०९,६७४ | २९,४६३,८४७ | ३४,२५७,५९३ | ५७१,०२६ |
| कुल दायित्व तथा पूँजी | १५५,२३५,१७३ | २७६,९८४,६८० | ३५१,३९५,९९६ | ३६०,१८१,९३४ |
| सम्भावित दायित्व तथा प्रतिवद्धता | - | - | - | - |
| प्रति शेयर खुद सम्पत्ति | १६०.७८ | १५४.१५ | १५६.०२ | १५३ |

### ख) नाफा-नोक्सान हिसाब विवरण

| विवरण | वास्तविक (रु. हजारमा) | | | *२०७८/७९ चैत मसान्तसम्म |
|---|---|---|---|---|
| | आ.व.०७५/०७६ | आ.व.०७६/०७७ | आ.व.०७७/०७८ | |
| ब्याज आम्दानी | १३,९३०,६७० | २१,१२३,३३८ | २२,३२६,१४३ | २१,५९४,४१२ |
| ब्याज खर्च | ८,४९४,४०९ | १२,५६८,१६१ | १२,७४४,२०१ | १३,६९९,४५१ |
| खूद ब्याज आम्दानी | ५,४३६,२६१ | ८,५५५,१७७ | ९,५८१,९४१ | ७,८९४,९६१ |
| शुल्क तथा कमिशन आम्दानी | १,३१०,०७४ | १,५८७,६५२ | २,१३२,६१० | १,८६१,३३८ |
| शुल्क तथा कमिशन खर्च | २३८,७३८ | २४६,३०६ | ३७५,००९ | ३६६,७७८ |
| खूद शुल्क र कमिशन आम्दानी | १,०७१,३३६ | १,३४१,३४६ | १,७५७,६०१ | १,४९४,५६० |
| खूद ब्याज, शुल्क र कमिशन आम्दानी | ६,५०७,५९७ | ९,८९६,५२३ | ११,३३९,५४३ | ९,३८९,५२१ |
| खूद व्यापारिक आम्दानी | ४४३,०७३ | ६४७,६१० | १,१७०,६४७ | ३५२,०१६ |
| अन्य सञ्चालन आम्दानी | १८६,२९८ | २११,९३० | ६४३,५४२ | ४८६,६५६ |
| कूल सञ्चालन आम्दानी | ७,१३६,९६८ | १०,७५६,०६३ | १३,१५३,७३१ | १०,२२८,१९३ |
| कर्जा तथा अन्य नोक्सानीको लागि व्यवस्था/(फिर्ता) | २२०,५९३ | २,०२७,२२४ | १,१५६,२२८ | ४५०,९५५ |
| खूद सञ्चालन आम्दानी | ६,९१६,३७५ | ८,७२८,८३९ | ११,९९७,५०३ | ९,७७७,२३८ |
| **सञ्चालन खर्च** | | | | |
| कर्मचारी खर्च | १,६९२,६१३ | २,६२५,८९६ | ३,४३६,५२१ | २,७७४,९४२ |
| अन्य सञ्चालन खर्च | ८९९,२७० | १,२९७,४०९ | १,४६६,२२९ | १,२६६,४७३ |
| मूल्यह्रास र परिशोधन | २४७,९१६ | ३१४,८७१ | ३४४,५१९ | २६६,७२१ |
| सञ्चालन मुनाफा | ४,०७६,५७६ | ४,४९०,६६३ | ६,७५०,२३४ | ५,४६९,१०२ |
| गैर सञ्चालन आम्दानी | ६८,१८८ | ४५,५१८ | २३६,६७७ | ३६,२३२ |
| गैर सञ्चालन खर्च | - | ७९,२१० | - | - |
| आयकर अघिको मुनाफा | ४,१४४,७६४ | ४,४५६,९७१ | ६,९८६,९१० | ५,५०५,३३४ |
| आयकर खर्च/आम्दानी | | | | |
| चालू आयकर खर्च | १,२४५,९६९ | १,३४३,०३३ | २,०७३,३५९ | १,६७२,३९८ |
| स्थगन कर | (२७,९६८) | (९,५१३) | (५०,१८७) | (१३५,५८५) |
| यस अघिको मुनाफा | २,९२६,७६३ | ३,१२३,४५१ | ४,९६३,७३८ | ३,९६८,५२१ |
| **नाफा बाँडफाँड** | | | | |
| बैंकका शेयरधनी | २,८९२,३५७ | ३,०८१,५१४ | ४,७८५,५०० | - |
| गैर नियन्त्रित स्वार्थ | ३४,४०३ | ४१,९३६ | १७८,२३९ | - |
| नाफा/(नोक्सान) यो अवधिको लागि | - | - | - | - |
| अन्य विस्तृत आम्दानी | - | - | - | - |
| यस वर्षको मुनाफा | २,९२६,७६० | ३,१२३,४५० | ४,९६३,७३८ | - |
| **प्रति शेयर आम्दानी** | | | | |
| आधारभूत प्रति शेयर आम्दानी | २८.३८ | १६.४६ | २२.१२ | २२.२४ |
| घुलित (डाइलुटेड) प्रति शेयर आम्दानी | २८.३८ | १६.४६ | २२.१२ | २२.२४ |

**विगत तीन वर्षका प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ र शेयर संख्या सम्बन्धी विवरण:**

| विवरण | आ.व.०७५/०७६ | आ.व.०७६/०७७ | आ.व.०७७/०७८ | २०७८/७९ तेश्रो त्रैमासिक |
|---|---|---|---|---|
| शेयर संख्या | १०३,१०५ | १८९,७५९ | २१६,३२५ | २३७,९५८ |
| प्रति शेयर नेटवर्थ (रु.) | १६१ | १५४ | १५६ | १५३ |
| प्रति शेयर आम्दानी (EPS) (रु.) | २८.३९ | १६.४६ | २२.९५ | २२.२४ |

*आ.व. २०७८/०७९ को चैत मसान्तसम्मको वित्तीय विवरण (अपरिष्कृत) हुन ।

## ५. योजना व्यवस्थापक सम्बन्धी विवरण :

१. ***योजना व्यवस्थापकको नाम : श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड ।***
२. ***योजना व्यवस्थापक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण :*** योजना व्यवस्थापक कम्पनीः श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी मर्चेन्ट बैंकरको रुपमा स्थापना भएको हो ।
३. ***योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना :*** काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नंः ०१, नक्साल, काठमाण्डौ ।
४. ***योजना व्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास :*** ग्लोबल आइएमई क्यापीटल लिमिटेड (साविक एलिट क्यापिटल लिमिटेड) कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६५/०२/१४ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीले धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०६५/०५/२२ मा अनुमतिपत्र प्राप्त गरी सोही मितिदेखि मर्चेन्ट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । कम्पनीले आफ्नो स्थापना वर्षदेखि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा विभिन्न संघ संस्थाहरुको धितोपत्रको सार्वजनिक निष्काशन कार्य गर्दै आएको छ । साथै, कम्पनीले आफूले प्रदान गर्ने सेवालाई विविधीकरण गर्दै शेयर रजिष्ट्रार सम्बन्धी सेवा सञ्चालन गरेको छ भने मिति २०७२/०२/३२ मा लगानी व्यवस्थापन सेवा तथा शेयर प्रत्याभूति सेवा सञ्चालनको अनुमति प्राप्त गरी उक्त सेवा समेत सञ्चालन गर्दै आएको छ । त्यसैगरी यस कम्पनीले मिति २०७०/०१/०९ मा नेपाल धितोपत्र बोर्डबाट निक्षेप सदस्यता प्राप्त गरी निक्षेप सदस्यताको सेवा दिँदै आइरहेको छ भने मिति २०७२/०४/१९ मा नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने अनुमति समेत प्राप्त गरेको छ ।

## ६. योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :

प्रबन्धपत्रमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. संगठित संस्थाको धितोपत्र निष्कासनका लागि विवरण पत्र, बिक्री सम्बन्धी प्रस्ताव तथा अन्य विवरण तयार गर्ने लगायत धितोपत्रको निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी आवश्यक सबै कार्यहरु गर्ने ।
२. संगठित संस्थाको तर्फबाट इकाईधनीहरुको अभिलेख राख्ने तथा धितोपत्र धनीहरुको नामसारी लगायत शेयर रजिष्ट्रेशन सम्बन्धी अन्य सेवा प्रदान गर्ने ।
३. लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
४. लगानी सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।
५. संगठित संस्थासँग सम्झौता गरी संगठित संस्थाले निष्कासन गरेको धितोपत्रहरु बिक्री नभएको अवस्थामा आफुले खरीद गर्न प्रत्याभुति (अण्डरराइटिङ्ग) दिने कार्य गर्ने ।
६. ग्राहकसँग सम्झौता गरी ग्राहकका लागि लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
७. सामुहिक लगानी कोष व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
८. धितोपत्र दर्ता वा धितोपत्रको केन्द्रिय निक्षेप सेवा वा डिपोजिटरी (कस्टोडियल) सेवा सम्बन्धी कार्य गर्ने ।
९. धितोपत्र कारोवारको हिसाब राफसाफ गर्ने सम्बन्धी कार्य गर्ने ।
१०. धितोपत्र बजार निर्माताको काम गर्ने ।
११. वित्तीय, व्यवस्थापन, पूँजी पुनर्संरचना, मर्जर, एक्विजिसन, टेकओभर आदि वा सो सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।

## ७. योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

योजना व्यवस्थापकको ५ (पाँच) सदस्यीय सञ्चालक समिति रहेको छ । जसमा सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) को व्यवस्था बमोजिम १ तिहाई अर्थात २ (दुई) जना सदस्य स्वतन्त्र सञ्चालक रहेका छन् भने कोष प्रवर्द्धक ग्लोबल आइएमई बैंक लि. (समुह क) बाट २ (दुई) जना प्रतिनिधि तथा अन्य संस्थापक (समुह ख) बाट १ (एक) जना प्रतिनिधि रहेका छन् ।

## ८. योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी :

(क) अधिकृत पूँजी : रु. ५०,००,००,०००/- (अक्षरेपी पचास करोड मात्र) ।
(ख) जारी पूँजी : रु. ३६,५५,००,०००/- (अक्षरेपी छत्तीस करोड पचपन्न लाख मात्र) ।
(ग) चुक्ता पूँजी : रु. ३६,५५,००,०००/- (अक्षरेपी छत्तीस करोड पचपन्न लाख मात्र) ।

## ९. योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी :

**क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा), शैक्षिक योग्यता र अनुभव :**

| क्र.सं. | नाम | ठेगाना | राष्ट्रियता | शेयर स्वामित्व (%) | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|
| १ | श्री ग्लोबल आइएमई बैंक लि. | कमलादी, काठमाण्डौ | नेपाली | ७५.०० | लागू नहुने | लागू नहुने |
| २ | श्री निमिषा इन्भेष्टमेण्ट प्रा.लि. | पानीपोखरी, काठमाण्डौ | नेपाली | ११.६९ | लागू नहुने | लागू नहुने |
| ३ | श्री मनोज नेपाल | कल्लेरी-३, धादिङ्ग | नेपाली | ४.६९ | स्नातक | व्यापार व्यवसाय |
| ४ | श्री स्काई टच इन्भेष्टमेण्ट एण्ड कन्सल्टेन्ट प्रा.लि. | काठमाण्डौ | नेपाली | २.६६ | लागू नहुने | लागू नहुने |
| ५ | श्री अल्पना शर्मा | किर्तीपुर-३, काठमाण्डौ | नेपाली | १.०६२ | प्र.प्र.प. तह | शिक्षा क्षेत्रमा १४ वर्षको अनुभव |
| ६ | श्री सुरज कुमार श्रेष्ठ | काठमाण्डौ-१३, ताहाचल | नेपाली | १.७५ | स्नातकोत्तर | बैंकिङ्ग क्षेत्रको अनुभव |
| ७ | श्री दिपेन्द्र कार्की | भरतपुर-८, चितवन | नेपाली | ०.३४ | एम.फिल. | बैंकिङ्ग क्षेत्रको अनुभव |
| ८ | श्री सावित्री घिमिरे | धापासी-९, काठमाण्डौ | नेपाली | ०.३१ | स्नातकोत्तर | बैंकिङ्ग क्षेत्रको अनुभव |
| ९ | श्री सविता कुमारी घिमिरे | डाँगीहाट-८, मोरङ | नेपाली | ०.३१ | प्र.प्र.प. तह | गृहिणी |
| १० | श्री मीनु अधिकारी | पाँचखाल-६, काभ्रे | नेपाली | ०.३१ | प्र.प्र.प. तह | गृहिणी |
| ११ | श्री कल्पना पन्त | काठमाण्डौ-३३, ज्ञानेश्वर | नेपाली | ०.३१ | एस.एल.सी. | बैंकिङ्ग क्षेत्रको अनुभव |
| १२ | श्री शिवसिंह कार्की | सित्तड-४, बैतडी | नेपाली | ०.३१ | स्नातक | व्यापार व्यवसाय |
| १३ | श्री ईश्वरप्रसाद उपाध्याय | औरही-७, महोत्तरी | नेपाली | ०.३१ | स्नातकोत्तर | रिडर, नेपाली विभाग, त्रि.वि.वि. |
| १४ | श्री सरला बिष्ट | चिती-८, लमजुङ्ग | नेपाली | ०.२५ | स्नातक | व्यापार व्यवसाय |
| १५ | श्री सुरक्षा ढुंगेल | ल.पु.-१०, ललितपुर | नेपाली | ०.१२५ | स्नातकोत्तर | NGO क्षेत्रको अनुभव |
| १६ | श्री तिमिला श्रेष्ठ | ललितपुर म.न.पा.-८, ललितपुर | नेपाली | ०.१२५ | ए.सि.सि.ए. | बैंकिङ्ग क्षेत्रको अनुभव |
| १७ | श्री सुष्मा प्रधान | पोखरा म.न.पा.-१, कास्की | नेपाली | ०.०९४ | स्नातक | शिक्षा क्षेत्रको अनुभव |
| १८ | श्री मञ्जु वस्ती | धरान उ.म.न.पा.-५, सुनसरी | नेपाली | ०.०९ | एस.एल.सी. | शिक्षा तथा सहकारी क्षेत्रको अनुभव |
| १९ | श्री उमा बिष्ट | दोहोली-३, गुल्मी | नेपाली | ०.०६३ | प्र.प्र.प. तह | गृहिणी |
| २० | श्री रवि अर्याल | का.म.न.पा.-३२ | नेपाली | ०.०६३ | सिभिल ओभरसियर | व्यवसाय तथा नोकरी |
| २१ | श्री पवित्रा कुमारी शर्मा | खौला लाँकुरी-४, पर्वत | नेपाली | ०.०६३ | एस.एल.सी. | गृहिणी |
| २२ | श्री महेश सिलवाल | मदनपुर-३, नुवाकोट | नेपाली | ०.०३१ | स्नातक | बैंकिङ्ग क्षेत्रको अनुभव |
| २३ | श्री अच्युतराज जोशी | गेजा-७, पाल्पा | नेपाली | ०.०३१ | सि.ए. | बैंकिङ्ग, टेलिकम तथा अस्पताल क्षेत्रको अनुभव |

**(ख) सञ्चालकहरुको नाम, पद, उमेर, ठेगाना, राष्ट्रियता, शैक्षिक योग्यता र अनुभव :**

| क्र.सं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | श्री महेश शर्मा ढकाल | सञ्चालक (समुह क) | ४५ | नेपाली | टोखा-४, धापासी | एम.ए., सि.ए. | बैंकिङ्ग क्षेत्रमा १८ वर्षको कार्य अनुभव |
| २. | श्री प्रदीप अधिकारी | स्वतन्त्र सञ्चालक | ५६ | नेपाली | काठमाडौं-४, विशालनगर | एम.बि.ए. | नेपाल राष्ट्र बैंकमा ३० वर्षको कार्य अनुभव |
| ३. | श्री रमन उप्रेती | स्वतन्त्र सञ्चालक | ३९ | नेपाली | चन्द्रागिरी-७, थानकोट | सि.ए. | १० वर्षको बैंकिङ्ग, व्यवस्थापन तथा अध्यापनको अनुभव |
| ४. | श्री कमल प्रसाद अर्याल | सञ्चालक (समुह ख) | ४३ | नेपाली | सामाखुसी, काठमाडौं | एम.बि.एस. | १७ वर्षको व्यवस्थापन तथा अध्यापनको अनुभव |

## १०. योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, पद, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभवसम्बन्धी विवरण :

| क्र.सं. | कर्मचारीको नाम | पद | उमेर (वर्ष) | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|
| १. | श्री पारस मणी ढकाल | प्रमुख कार्यकारी अधिकृत | ४३ | ए.सि.सि.ए., एम.बि.एस., एम.बि.ए. | बैंकिङ्ग तथा लेखा परिक्षणको क्षेत्रमा १४ वर्ष भन्दा बढिको कार्य अनुभव, ग्लोबल आइएमई क्यापीटल लि. मा ७ वर्षको कार्य अनुभव तथा बिबिए तथा एमबिएमा फाईनान्सियल एकाउन्टिङ्ग, कर्पोरेट फाईनान्स, इन्भेष्टमेण्ट तथा ट्याक्सेसन विषयको अध्यापन । |
| २. | श्री पराग बिष्ट | नायब प्रमुख कार्यकारी अधिकृत | ४० | एम. कम. | Asset Management, Portfolio Management/ Merchant Banking क्षेत्रमा १७ वर्ष भन्दा बढिको कार्य अनुभव । |
| ३. | श्री नलिना श्रेष्ठ | नायब प्रमुख कार्यकारी अधिकृत | ४८ | बि.ए. | Merchant Banking क्षेत्रमा २२ वर्षभन्दा बढिको कार्यअनुभव । |

## ११. योजना व्यवस्थापकको वित्तीय विवरण :

ग्लोबल आइएमई क्यापीटल लिमिटेडको विगत तीन वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण देहाय बमोजिम रहेको छ ।

### क) वासलात

| विवरण | आ.व.०७५/०७६ | आ.व.०७६/०७७ | आ.व.०७७/०७८ | *२०७८/७९ तेश्रो त्रैमासिक |
|---|---|---|---|---|
| **सम्पत्तिहरु** | | | | |
| नगद तथा नगद समान | ७२,५८५,७८७ | ३०३,०२८,४६१ | २२७,९५०,१३८ | २०८,३९०,९०२ |
| वित्तीय लगानीमा | ३९३,८५६,६२२ | ५००,५८९,७७९ | ९३५,१४९,६१५ | १,१३१,५०१,२०० |
| अन्य वित्तीय सम्पत्ति | ११०,७९१,७४२ | ४८,८५०,३७० | २२४,०७९,७९७ | ६११,०४७,०२९ |
| अन्य सम्पत्ति | १,०९३,१९० | २,३२९,१०८ | १,२७३,७७६ | १,८७७,९०४ |
| सम्पत्ति प्लाण्ट र उपकरणहरु | १९,२७१,६६१ | १६,९८१,४३८ | २३,५६२,१७९ | २२,८३६,६७८ |
| अमुर्त सम्पत्ति | १,४५४,४८९ | ८५०,१३६ | ७४३,८५१ | ७०६,१७७ |
| वतमान आयकर सम्पत्ति | १४,०७३,३३२ | १२,६१५,७६२ | ६,७५९,८४४ | - |
| स्थगन कर सम्पत्ति | १५,१०९,५२२ | २,४८०,४३५ | ३,१७४,६६५ | ६७,११७,७१४ |
| जम्मा सम्पत्ति | ६२८,२३६,३४४ | ८८७,७२५,४९० | १,४२२,६९३,८६५ | २,०४३,४७७,६०४ |
| **दायित्वहरु** | - | - | - | |
| लगानीकर्ताहरुलाई फिर्ता गर्नुपर्ने रकम | ३१८,४०८,५०० | ५६७,८९२,९३३ | ६७०,६७६,५३६ | ८२०,२५३,१४२ |
| अन्य वित्तीय दायित्व | २६,९३३,५४१ | १७,१९१,७८७ | ८५,४४१,९३३ | ६००,७१७,७६६ |
| अन्य दायित्व | ६,९४४,३४८ | ४,६४८,४१० | १४,१८३,८४१ | ११,३७६,९२२ |
| व्यवस्थाहरु | ४,०५५,४९४ | ६,३५८,५०७ | ७,५०४,०५८ | ९,५६४,०६७ |
| जम्मा दायित्व | ३५६,३४१,८८३ | ५९६,०९१,६३७ | ७७७,८०६,३६८ | १,४४१,९११,८९७ |
| **इक्विटी** | | | | |
| शेयर पूँजी | २१५,०००,००० | २१५,०००,००० | २१५,०००,००० | ३६५,५०० |
| सञ्चित नाफा | ४३,२०२,४३९ | ६९,२६०,६७७ | ३७४,२४९,३१५ | ११६,६८९ |
| जगेडा तथा कोष | १३,६९२,०२२ | ७,३७३,१७६ | ५५,६३८,१८२ | ११५,३२१ |
| जम्मा इक्विटी | २७१,८९४,४६१ | २९१,६३३,८५३ | ६४४,८८७,४९७ | ५९७,५१० |
| जम्मा दायित्व तथा इक्विटी लगानी | ६२८,२३६,३४४ | ८८७,७२५,४९० | १,४२२,६९३,८६५ | २,०४३,४७७,६०४ |

### ख) नाफा-नोक्सान हिसाब विवरण:

| विवरण | आ.व.०७५/०७६ | आ.व.०७६/०७७ | आ.व.०७७/०७८ | *२०७८/७९ तेश्रो त्रैमासिक |
|---|---|---|---|---|
| **आम्दानी** | | | | |
| मर्चेन्ट बैंकिङ्ग व्यवसायबाट आम्दानी | ४५,५०९,७३८ | ३२,५४५,२४३ | १०५,७५८,६८१ | १७५,८३३,१२० |
| म्युचुअल फण्ड व्यवस्थापनबाट आम्दानी | १९,५३५,०८३ | १७,८९७,८२० | २८,२१५,०२५ | २२,६८८,०३२ |
| ब्याज आम्दानी | २४,९६१,२७९ | १९,५४९,६९८ | ७,१२२,७९५ | १४,४९७,५५८ |
| अन्य आम्दानी | ३,७२५,५४९ | ५,९०१,८९५ | ५,६३८,०७९ | १८,५५६,४४२ |
| वित्तीय लगानीबाट नाफा/नोक्सानी | ३०,९४८,०१७ | ६८,१४७,२७४ | ५०४,१९१,५३४ | (११५,५८५,०४२) |
| जम्मा आम्दानी | १२४,६७९,६६५ | १४४,०४१,९२८ | ६५०,९२६,११४ | ११५,९९०,११० |
| **खर्चहरु** | | | | |
| कर्मचारी खर्च | (३१,४०१,३९४) | (३५,९९८,०७८) | (९७,६४५,९१८) | (२८,२७३,५९४) |
| ब्याज खर्च | (३,३२१,३७०) | (६१३,२३४) | (७,४१४,२२८) | - |
| सम्पत्ति र उपकरणमा ह्रासकट्टी | (४,०३६,२४७) | (४,५२२,२२३) | (४,२३२,४५७) | (४,०५२,०९७) |
| अमुर्त सम्पत्तिको ह्रासकट्टी | (६०२,५७२) | (६०४,३५२) | (४३३,९८५) | (२०१,६३०) |
| अन्य सञ्चालन खर्च | (३३,९४०,६१५) | (२४,२८५,६५६) | (५३,२५०,७९८) | (७१,८७६,७४६) |
| गैर सञ्चालन खर्च | - | (१,२६५,९००) | (१,५८८,४५८) | - |
| जम्मा खर्च | (७३,३०२,१९८) | (६७,२८९,४४३) | (१६४,५६५,८४४) | (१०४,४०४,०६७) |
| कर अघिको सञ्चालन नाफा | ५१,३७७,४६७ | ७६,७५२,४८५ | ४८६,३६०,२६९ | ११,५८६,०४३ |
| आयकर खर्च - चालु बर्ष | (१२,९९९,४०८) | (८,४२३,४८०) | (१३२,२७५,८५५) | (४६,९०६,५७८) |
| आयकर खर्च - गत बर्ष | - | - | - | - |
| स्थगन कर खर्च (आम्दानी) | १,९२०,००८ | (१२,५५४,०८७) | ५,०८१,७३० | ५६,६८३,०४९ |
| वार्षिक नाफा | ४०,२९८,०६८ | ५५,७७४,९१८ | ३५९,१६६,१४४ | २१,३६२,५१४ |
| नाफा-नोक्सानको विवरण बमोजिम वर्षको खुद नाफा वा नोक्सान | ४०,२९८,०६८ | ५५,७७४,९१८ | ३५९,१६६,१४४ | २१,३६२,५१४ |

*आ.व. २०७८/०७९ को चैत मसान्तसम्मको वित्तीय विवरण (अपरिष्कृत) हुन ।

## १२. कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा/व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी :

| क्र.सं. | नाम | व्यवसायिक अनुभव | मुख्य पेशा व्यवसाय | हाल कायम रहेको जिम्मेवारी |
|---|---|---|---|---|
| | | **ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड - १** | | |
| १. | श्री सुरेन्द्र मान प्रधान | पूर्व कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक/नेपाल राष्ट्र बैंकमा २२ बर्षभन्दा बढीको कार्य अनुभव/पूर्व प्रमुख कार्यकारी अधिकृत, सनराईज बैंक लि./नेपाल धितोपत्र बोर्डमा विज्ञ सञ्चालकको रुपमा मार्च, २००९ देखि नोभेम्बर २०१० सम्म कार्यरत/फाइनान्सियल तथा एकाउन्टिङ सेक्टरमा प्रोफेसनल प्राक्टिसनरको रुपमा कार्यरत । | - | - |
| २. | श्री भरत रिजाल | टेलिकम, बैकिङ्ग, लेखा परीक्षण तथा परामर्श सेवामा १८ वर्ष अनुभव । | लेखापरीक्षण | Partner, RPB & Associates, Chartered Accountants |
| ३. | श्री जन्म जय रेग्मी | पूर्व अध्यक्ष, आकस्मिक वीमा कोष नेपाल, पूर्व संचालक - नेपाल धितोपत्र वोर्ड, निजामती सेवामा ३० वर्ष भन्दा बढिको अनुभव सहित सहसचिव पदबाट अवकाश प्राप्त । | परामर्श सेवा | - |
| ४. | श्री दुर्गा दत्त ढकाल | नेपाल सरकारको निजामती सेवामा ३० वर्षको कार्य अनुभव /नेपाल सरकारको सह सचिव (रा प. प्रथम श्रेणी) पदबाट अवकाश/अर्थ तथा व्यवस्थापनको कानूनी क्षेत्रमा ११ वर्षभन्दा बढीको अनुभव । | कानून व्यवसायी | कानून सेवासँग सम्बन्धित |
| ५. | श्री प्रकाश कुमार ढुङ्गाना | राष्ट्रिय वाणिज्य बैंक लि.मा ३० बर्षको कार्य अनुभव । | परामर्श सेवा | प्राध्यापन सेवामा सम्बन्धित |

## १३. खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था:

१ ***खुद सम्पत्ति मूल्य गणना गर्ने विधि :***
प्रति इकाई खुद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई सङ्ख्याले भाग गरी प्रति इकाई खुद सम्पत्ति मूल्य कायम गरिनेछ । खुद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

$$\textbf{प्रति इकाई खुद सम्पत्ति मूल्य (NAV)} = \frac{\text{मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु - तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु}}{\text{मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई संख्या}}$$

२ ***खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी व्यवस्था:***
योजना बिक्री बन्द भएको ३० (तीस) दिनभित्र योजना व्यवस्थापकले पहिलो पटक खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । तत्पश्चात् नियमावलीको व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ति मूल्य योजना व्यवस्थापकको वेबसाईट www.globalimecapital.com मा सार्वजनिक गरिने छ । साथै योजना व्यवस्थापकले योजनाको खुद सम्पत्ति मूल्य मासिक रुपमा आफ्नो वेभसाईट तथा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरीक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गर्नेछ । खुद सम्पत्ति मूल्य तथा योजनाको कार्य सम्पादन र सार्वजनिक गर्ने सम्बन्धमा प्रचलित कानुन तथा बोर्डको निर्देशन बमोजिम हुनेछ ।

## १४. योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका :

प्रचलित कानुनको अधीनमा रही योजना सञ्चालन गर्न योजनाको विवरण पुस्तिकाको अध्ययन गरी सहमतिका लागि पठाउन अनुमोदन गर्ने, योजना व्यवस्थापकले प्रचलित कानुन तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने, सहभागीको हित संरक्षण गर्ने, योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने, योजनाको खुद सम्पत्ती मूल्यको जाँच गर्ने, योजना अन्तर्गतका सम्पत्ति तथा कागजातहरु सुरक्षित साथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने, बोर्डवाट स्वीकृत योजना बमोजिम योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने, योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने, योजना व्यवस्थापकसँग योजना व्यवस्थापकले गरेको काम कारवाहीबारे कुनै विवरण वा जानकारी माग गर्न सक्ने, माग गरिएको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्ने, दिइएका निर्देशन योजना व्यवस्थापकले पालना नगरेमा सोको जानकारी बोर्डलाई दिने, योजना व्यवस्थापकले ऐन वा नियमावलीको उल्लङ्घन गरेमा वा आफ्नो निर्देशन बारम्बार उल्लङ्घन गरेमा योजना व्यवस्थापक परिवर्तन गर्ने आदेश जारी गर्न बोर्डलाई अनुरोध गर्न सक्ने लगायतको भूमिका कोष सुपरिवेक्षकबाट निर्वाह हुनेछ ।

## १५. योजनाको उद्देश्य :

इकाई बिक्रीबाट सङ्कलित रकम योजना व्यवस्थापकले दक्षतापूर्वक योजनाले तोकेको लगानीका क्षेत्रहरुमा लगानी गरी इकाईधनीहरुलाई उच्च प्रतिफल दिई धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाको इकाईहरु निष्काशन गरिएको हो ।

## १६. योजनाले लगानी गर्ने क्षेत्र :

नियमावलीको नियम (३४) एवं निर्देशिकाको अधीनमा रही इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ :

| सि.नं. | विवरण |
|---|---|
| १ | बोर्डमा दर्ता भएको धितोपत्र । |
| २ | सार्वजनिक निष्काशन भएको धितोपत्र - १०% |
| ३ | नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा सुचीकृत धितोपत्र - ९०% |

| विवरण | लगानीको सिमा | विवरण | लगानीका सिमा |
|---|---|---|---|
| क वर्गको वाणिज्य बैंकमा लगानी | ३५% | संस्थागत ऋणपत्रमा | ५% |
| निर्जिवन वीमा कम्पनीहरुमा | २२% | जीवन वीमा कम्पनीहरुमा | १५% |
| लघुवित्त वित्तीय सस्थाहरुमा | १५% | ख वर्गको वाणिज्य बैंकहरुमा | १०% |
| जलविद्युत कम्पनीहरुमा | २०% | सामूहिक लगानी कोषहरुमा | १०% |
| अन्यमा | १५% | होटल्स तथा पर्यटन समूह | १०% |
| लगानी समूह | १०% | ग बर्गको वाणिज्य बैंकहरुमा | ५% |
| उत्पादकमूलक | ५% | | |

| सि.नं. | विवरण |
|---|---|
| ४ | नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पुर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य साधनहरुमा - १०% |
| ५ | बैंक निक्षेप - १०% |
| ६ | मुद्रा बजार उपकरण - १०% |
| ७ | बोर्डले तोकिदिएको अन्य क्षेत्र । |

उपरोक्तानुसार उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्येनजर गरी राम्रो प्रतिफल देखिएमा कुनै एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रमा सार्न सकिनेछ । साथै, योजनाले लगानी गर्ने क्षेत्र सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३४ र ३६ बमोजिम हुनेछ ।

## १७. योजनाको वित्तीय प्रक्षेपण सम्बन्धी विवरण :

**क. प्रक्षेपित वासलात** (रु.हजारमा)

| विवरण | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ | बर्ष ६ | बर्ष ७ | बर्ष ८ | बर्ष ९ | बर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **सम्पत्ति** | | | | | | | | | | |
| लगानी | ९६०,९९३.६० | ९९९,०४७.२४ | १,०४६,१६५.३३ | १,०८६,१६८.९५ | १,१४२,६४४.४६ | १,१७८,८९१.९४ | १,२३३,२०९.८५ | १,२८५,९११.८९ | १,३७६,८९८.४२ | १,३४८,४९२.१७ |
| चालु सम्पत्ति | ४३४,६८६.२१ | ४४५,४७४.३३ | ४३१,३६५.२५ | ४३४,९९१.०२ | ३९९,४५४.४९ | ३८८,३८०.१२ | ३१९,२८९.६४ | २५७,८८५.७० | १४६,६१०.३२ | १२५,५०४.५७ |
| **जम्मा सम्पत्ति** | १,३९५,६७९.८१ | १,४४४,५२१.५७ | १,४७७,५३०.५७ | १,५२१,१५९.९६ | १,५४२,०९८.९५ | १,५६७,२७२.०५ | १,५५२,४९९.४९ | १,५४३,७९७.५९ | १,५२३,५०८.७४ | १,४७३,९९६.७४ |
| **दायित्व** | | | | | | | | | | |
| इकाई पूँजी | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० |
| जगेडा तथा कोष | ८४,०४०.२८ | ११५,३९४.२७ | १४७,८४४.०८ | १६०,३६९.४० | १७९,४८७.७६ | १५७,९०४.१६ | १४१,१५१.९७ | १०७,४८५.१९ | ८४,७१५.४८ | ५८,११३.६० |
| चालु दायित्व | १११,६३९.५३ | १२९,१२७.३० | १२९,६८६.५० | १६०,७९०.५६ | १६२,६११.१९ | २०९,३६७.८९ | २११,३४७.५२ | २३६,३१२.४० | २३८,७९३.२६ | २१५,८८३.१४ |
| **जम्मा दायित्व** | १,३९५,६७९.८१ | १,३९५,६७९.८१ | १,४७७,५३०.५७ | १,५२१,१५९.९६ | १,५४२,०९८.९५ | १,५६७,२७२.०५ | १,५५२,४९९.४९ | १,५४३,७९७.५९ | १,५२३,५०८.७४ | १,४७३,९९६.७४ |

**ख. प्रक्षेपित नाफा नोक्सान हिसाब** (रु.हजारमा)

| विवरण | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ | बर्ष ६ | बर्ष ७ | बर्ष ८ | बर्ष ९ | बर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| व्याज आम्दानी (कल निक्षेपबाट प्राप्त व्याज बाहेकको) | ३,६०३.७३ | ६,९००.५८ | ६,७४९.२० | ९,३८२.२७ | ९,८०६.७८ | ११,१५७.८७ | १२,५४२.९३ | १३,०९९.४३ | १३,८४६.६१ | १३,०९३.२४ |
| नगद लाभांश | ३८,४१७.३९ | ३५,०५०.०० | ३७,३२५.१३ | ३८,९१५.१० | ४०,६७५.८४ | ४१,४८३.८७ | ४२,२११.७८ | ४४,०८४.६३ | ४६,५९९.१८ | ३०,८३८.१८ |
| वोनश शेयरको बिक्रीबाट आर्जित | ३९,३१२.०० | ४३,१९५.८५ | ३७,२९५.१४ | ३९,४८९.४४ | ४१,११३.३२ | ४३,०६७.२० | ४३,४७६.८० | ४४,६५१.७७ | ४६,६०८.२१ | ६३,९४०.२६ |
| हकप्रद शेयर बिक्रीबाट आर्जित | २३,५८७.२० | २५,९१७.५१ | २२,३७७.०८ | २३,६९३.६६ | २४,६६७.९९ | २५,८४०.३२ | २६,०८६.०८ | २६,७९१.०६ | २७,९६४.९३ | ३८,३६४.१६ |
| धितोपत्र खरिद बिक्री गर्दा हुने नाफा/(नोक्सान) | ६२,८९९.२० | ३७,६७०.९५ | ४०,८४१.०५ | ४२,७६७.२४ | ४४,४०२.५९ | ४६,७११.३१ | ४६,२१२.५६ | ४८,३४१.८३ | ५०,४०७.७५ | ५३,९७४.४२ |
| सामूहिक लगानी कोषबाट आम्दानी | २,४०२.४८ | ४,२९१.१६ | ३,६८१.३८ | ४,१५८.०५ | ४,३४६.१९ | ५,२२३.४६ | ५,४२७.२३ | ५,६६८.०२ | ६,७९०.१७ | ६,९४९.७५ |
| व्याज आम्दानी (कल निक्षेपमा) | ३,६०३.७३ | ३,७९९.९६ | ४,०९०.४३ | ४,२६४.६७ | ४,४५७.६३ | ४,९३७.८० | ५,४२७.२३ | ५,६६८.०२ | ५,९९१.३२ | २३,६६२.५३ |
| **जम्मा आम्दानी (क)** | १७३,८२५.७२ | १५६,८२६.०१ | १५२,३५९.४१ | १६२,६७०.४३ | १६९,४७०.३४ | १७८,४२१.८३ | १८१,३८४.६१ | १८८,३०४.७६ | १९८,२०८.१६ | २३०,८२२.५४ |
| **खर्च** | | | | | | | | | | |
| कोष व्यवस्थापन शुल्क | १९,२६०.६० | १९,७३०.९१ | २०,२१७.६६ | २०,४०५.५४ | २०,६९२.३२ | २०,३६८.५६ | २०,११७.२८ | १९,६१२.२८ | १९,२७०.७३ | १८,८७१.७० |
| सुपरिवेक्षक शुल्क | १,२००.०० | १,२००.०० | १,२००.०० | १,२००.०० | १,२००.०० | १,२००.०० | १,२००.०० | १,२००.०० | १,२००.०० | १,२००.०० |
| डिपोजिटरी शुल्क | २,५६८.०८ | २,६३०.७९ | २,६९५.६९ | २,७२०.७४ | २,७५८.९८ | २,७१५.८१ | २,६८२.३० | २,६१४.९७ | २,५६९.४३ | २,५१६.२३ |
| धितोपत्र दलाली शुल्क | ६,३६८.५५ | ५,९०६.०२ | ६,११०.७७ | ६,३६८.०६ | ६,६७३.२७ | ६,७२९.९५ | ६,९२८.८० | ७,२१९.६९ | ७,६६७.६८ | ४,२६५.४९ |
| शेयर खरिद/बिक्री (.५५%) | ६,३६८.५५ | ५,९०६.०२ | ६,११०.७७ | ६,३६८.०६ | ६,६७३.२७ | ६,७२९.९५ | ६,९२८.८० | ७,२१९.६९ | ७,६६७.६८ | ४,२६५.४९ |
| केन्द्रिय निक्षेप शुल्क | ६.१२ | १०.८६ | १४.०६ | १७.७२ | २३.०४ | ३०.८२ | ३७.०८ | ३७.०८ | ३७.०८ | ३७.०८ |
| लेखापरीक्षण शुल्क | १००.०० | ११०.०० | १२१.०० | १३३.१० | १४६.४१ | १६१.०५ | १७७.१६ | १९४.८७ | २१४.३६ | २३५.७९ |
| योजना सुचिकरण शुल्क | ९००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० |
| योजना दर्ता शुल्क (०.१%) | १,२००.०० | - | - | - | - | - | - | - | - | - |
| क्रेडिट रेटिङ्ग शुल्क (योजना व्यवस्थापक) | - | - | - | - | - | - | - | - | - | - |
| क्रेडिट रेटिङ्ग वार्षिक अनुगमन शुल्क (योजना व्यवस्थापक) | १५०.०० | १५७.५० | १५७.५० | १६५.३८ | १६५.३८ | १७३.६४ | १७३.६४ | १८२.३३ | १८२.३३ | १९१.४४ |
| सूचना तथा विज्ञापन | १००.०० | १००.०० | १००.०० | ११०.०० | ११०.०० | ११०.०० | १२१.०० | १२१.०० | १२१.०० | १३३.१० |
| कानुनी शुल्क | ४५.०० | - | - | - | - | - | - | - | - | - |
| धितोपत्र निवेदन तथा प्रशोधन शुल्क | २,४००.०० | - | - | - | - | - | - | - | - | - |
| निष्काशन तथा बिक्री प्रवन्ध शुल्क | २,४००.०० | - | - | - | - | - | - | - | - | - |
| संकलन कमिशन (०.१%) | - | - | - | - | - | - | - | - | - | - |
| **जम्मा खर्च (ख)** | ३४,२९८.३५ | ३०,०४६.०९ | ३०,८१६.६८ | ३१,३२०.५३ | ३१,९६९.३९ | ३१,६८९.८४ | ३१,६३७.२६ | ३१,३८२.२२ | ३१,४६२.६१ | २७,६५०.८३ |
| **सञ्चालन मुनाफा/(नोक्सान) ग=(क+ख)** | १३९,५२७.३७ | १२६,७७९.९२ | १२१,५४२.७३ | १३१,३४९.८९ | १३७,५००.९५ | १४६,७३१.९९ | १४९,७४७.३५ | १५६,९२२.५४ | १६६,७४५.५५ | २०३,१७१.७० |
| आयकर व्यवस्था (घ) | - | - | - | - | - | - | - | - | - | - |
| **नाफा/(नोक्सान) ङ=(ग-घ)** | १३९,५२७.३७ | १२६,७७९.९२ | १२१,५४२.७३ | १३१,३४९.८९ | १३७,५००.९५ | १४६,७३१.९९ | १४९,७४७.३५ | १५६,९२२.५४ | १६६,७४५.५५ | २०३,१७१.७० |
| गत वर्षको सञ्चित वितरण योग्य मुनाफा/(नोक्सान) (च) | - | ४९,५२७.३७ | ८६,३०७.२९ | ११७,८५०.०२ | १२९,१९९.९२ | १४६,७००.८७ | १२५,४३२.८५ | १०७,१८०.२० | ७२,१०२.७४ | ४६,८४८.२९ |
| **जम्मा वितरण योग्य मुनाफा (छ)** | १३९,५२७.३७ | १७६,३०७.२९ | २०७,८५०.०२ | २४९,१९९.९२ | २६६,७००.८७ | २९३,४३२.८५ | २७५,१८०.२० | २६४,१०२.७४ | २३८,८४८.२९ | २५०,०२०.०० |
| नगद लाभांश (ज) | ९०,०००.०० | ९०,०००.०० | ९०,०००.०० | १२०,०००.०० | १२०,०००.०० | १६८,०००.०० | १६८,०००.०० | १९२,०००.०० | १९२,०००.०० | २०४,०००.०० |
| लाभांश वितरण (कर सहित) | ७.५०% | ७.५०% | ७.५०% | १०.००% | १०.००% | १४.००% | १४.००% | १६.००% | १६.००% | १७.००% |
| **जम्मा वितरण योग्य सञ्चित मुनाफा रु (नोक्सान) वासलातमा सारिएको झ =च+छ-ज** | ४९,५२७.३७ | ८६,३०७.२९ | ११७,८५०.०२ | १२९,१९९.९२ | १४६,७००.८७ | १२५,४३२.८५ | १०७,१८०.२० | ७२,१०२.७४ | ४६,८४८.२९ | ४६,०२०.०० |
| आर्जन हुन बाँकी नाफा (ण) | ३४,५१२.९० | २९,०८६.९७ | २९,९९४.०५ | ३१,१६९.४९ | ३२,७८६.९० | ३२,४७१.३१ | ३३,९७१.७७ | ३५,३८२.४५ | ३७,८६७.१९ | १२,०९३.६० |
| जम्मा सञ्चित मुनाफा रु (नोक्सान) वासलातमा सारिएको त=(झ+ण) | ८४,०४०.२८ | ११५,३९४.२७ | १४७,८४४.०८ | १६०,३६९.४० | १७९,४८७.७६ | १५७,९०४.१६ | १४१,१५१.९७ | १०७,४८५.१९ | ८४,७१५.४८ | ५८,११३.६० |
| आर्जित प्रतिफल | १५.२९% | १२.९४% | ११.८९% | १२.३२% | १२.३४% | १२.६४% | १२.४२% | १२.४६% | १२.५२% | १४.९१% |

माथि उल्लेखित योजनाका प्रक्षेपित वित्तीय विवरणहरु योजना व्यवस्थापक कम्पनी श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेडको व्यवस्थापनले तयार गरेको हो र सोको पुनरावलोकन तथा प्रमाणित श्री के. पि. एन. एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्सका श्री केशव प्रसाद न्योपानेले गर्नुभएको हो ।

## १८. योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफा मध्ये आवश्यकतानुसार सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिनेछ ।

## १९. लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने कर सम्बन्धी व्यवस्था :

प्रचलित कानुनले निर्धारण गरे बमोजिम हुनेछ ।

## २०. योजनामा अर्न्तनिहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

**(क) सामान्य जोखिम तत्वहरु :**

(१) **सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा:** सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ ।

(२) **धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमा :** योजनाको खुद सम्पत्ती मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानीमध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

(३) **कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको विगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा :** योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाब किताब समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन ।

(४) **कोष प्रवर्द्धकले योजनामा कुनै हानी-नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :** योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ । योजनामा कुनै प्रकारको हानी-नोक्सानी भएमा सो को जिम्मेवारी कोष प्रवर्द्धकले लिदैन ।

(५) **यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :** यस योजना अर्न्तगत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा वृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सुव्यवस्थापन गर्ने भएता पनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिनेकुराको सुनिश्चितता भने गर्दैन ।

**(ख) खास जोखिम तत्वहरु :**

(१) **प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बीमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :** यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अङ्कित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा लाभांश पाउने छन् । यस्तो लाभांश योजनाले आफ्नो लगानी बापत प्राप्त गर्ने पूँजीगत मुनाफा, ब्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य वृद्धि (Capital Gain) वा अन्य वित्तीय कारोबारबाट प्राप्त भएको आम्दानीबाट दिनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकि रहेको रकम सञ्चित मुनाफा (Retained Earning) को रुपमा रहनेछ । कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ । योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन ।

(२) **योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने ब्याज दर, व्यवसाय गरीने धितोपत्रको सङ्ख्या, राफसाफ गरीने पद्दति आदिले असर पार्ने सम्बन्धमा :** सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्नेहुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सूचीकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सो को राफसाफ प्रक्रियाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने ब्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ । धितोपत्रको खरीद बिक्रीमा हुने ढिलाइले बजार जोखिम समेत आकर्षित हुन सक्दछ । साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने ब्याजदर र धितोपत्रको लगानी बीच विपरित सम्बन्ध (Inverse Relation) हुने हुँदा सो को असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ ।

(३) **रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थिरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :** रेटिङ्ग कम्पनीले दिएको रेटिङ्ग को राय र धितोपत्र बजारको कुनै अन्तर सम्बन्ध नहुने भएकोले यस्तो रेटिङ्गडले खुद सम्पत्ति मूल्यको स्थिरताको कुनै सुनिश्चितता गर्दैन ।

(४) **ब्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :** योजनाको कुल रकममध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिबेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने ब्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ । सम्पत्तिको (Valuation) प्रचलित ब्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित ब्याजदरमा हुने परिवर्तनले योजना अर्न्तगतको सम्पत्तिको मूल्यमा समेत परिवर्तन हुन्छ ।

(५) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :** योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँट गर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचीकृत गराई दोस्रो बजारमा कारोवारको व्यवस्था गराउने, सूचीकरण तथा वार्षिक नवीकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, नियमावलीको व्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ ।

(६) **इक्वीटी सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुवैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :** योजनाले इक्वीटीमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहने हुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुवै किसिमका जोखिमहरु अन्तर्निहित रहेका हुन्छन् ।

(७) **ऋण जोखिमभित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्नेकुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :** योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहने हुँदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिम रहित हुँदैन ।

(८) **तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतिनै तरलता आउने बारे उल्लेख गर्ने :** योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने बिषय लगानी गरिएको धितोपत्रकै तरलतामा निर्भर रहने हुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ ।

(९) **ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फिती भएमा आदि बारे :** ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । विभिन्न आर्थिक उतार चढावको असर ब्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

(१०) **पुनर्लगानी जोखिम यथावत रहने कारणमा ब्याजदरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनर्लगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिम बारे खुलाउने :** ऋणपत्र तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुन लगानी गरिने हुन्छ । यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुनर्लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।

(११) **योजना अन्तर्गत लगानी गरिने विभिन्न प्रकारका धितोपत्रहरुले विभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो कि सरकारी ऋणपत्र भन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :** योजनाले विभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिबेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिबेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ ।

(१२) **योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिभ्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :** योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

(१३) **योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सोमा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :** योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा बोर्डको स्वीकृति लिई लगानी गरिनेछ । त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत रहन्छ ।

(१४) **योजनाको अवधिभर सोको मूल्य वृद्धिको अवसर रहने तर सो को बोनश नपाउने बारे :** योजनाको कार्यसम्पादनको आधारमा योजना अर्न्तगतका इकाईहरुको मूल्य वृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

**(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापन (कोष व्यवस्थापक) को धारणा :**

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि कोष व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम व्यवस्थापनका लागि उपयुक्त उपाय अवलम्बन गरिनेछ ।
(२) सवल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका आधारमा लगानी गर्ने व्यवस्था तथा प्रक्रियाको विकास गरिनेछ ।
(३) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी सम्बन्धी निर्णय गरिनेछ । यसका लागि विभिन्न वित्तीय विश्लेषणका लागि उपलब्ध अभ्यास तथा उपकरणहरुको उपयोग गरिनेछ ।
(४) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिनेछ ।
(५) लगानीमा जोखिम न्यूनीकरण गर्न र लगानीमा समयोचित प्रतिफल प्राप्त गर्न आवश्यकता र अवसर अनुरुप निरन्तर लगानी विविधीकरणको प्रक्रिया अवलम्बन गरिनेछ ।
(६) तरलता व्यवस्थापनमा सदैव उच्च सतर्कता अपनाइनेछ ।
(७) हाल बजारमा सञ्चालनमा रहेका सामूहिक लगानी कोषका योजनाहरुले प्रारम्भिक निष्काशनमा सफलता हासिल गरी दोश्रो बजारमा समेत राम्रो कारोबार गरिरहेको अवस्थाले लगानीकर्ताहरुमा यस्तो प्रकारको उपकरण प्रति सकारात्मक सोच रहेको देखिएको हुँदा यस योजनाले समेत सोही अनुरुपको सफलता हासिल गर्न सक्छ भन्ने कुरामा योजना व्यवस्थापक विश्वस्त रहेको छ । साथै योजनाको समयावधि समाप्ति पश्चात योजनाबाट खरीद गरिएका धितोपत्रहरुको समेत पूर्ण रुपमा बिक्री हुनेछ भन्ने विश्वास योजना व्यवस्थापकले लिएको छ । यदि कुनै कारणवश पूर्ण रुपमा बिक्री नभएको अवस्थामा भएमा सामूहिक लगानी कोष नियमावली तथा निर्देशिकाको व्यवस्था अनुरुप गरिनेछ ।

## २१. इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(१) योजनाको सम्पूर्ण ईकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।
(२) बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा ५० (पचास) प्रतिशत इकाई खरीद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँट गरिनेछ ।
(३) यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम ५० (पचास) प्रतिशत इकाई खरीद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी १५ (पन्ध्र) दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।
(४) इकाई बाँडफाँट गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सीमासम्मको मात्र इकाई बाँडफाँट गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी सङ्ख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई सङ्ख्याको २५ (पचीस) प्रतिशतसम्म थप गरी इकाई बाँडफाँट गरिनेछ ।
(५) इकाईको बाँडफाँट सम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिका बमोजिम हुनेछ ।
(६) योजनाका इकाइहरु नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा दर्ता गरी दोस्रो बजारमा कारोबारको व्यवस्था मिलाइनेछ ।

## २२. आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिक, गैर आवासीय नेपाली तथा नेपाली संघ संस्थाले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्नको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु वा तीनका कुनै पनि शाखा कार्यालयबाट दरखास्त दिन सक्नेछन् ।
२. दरखास्तवालाले इकाई खरिदका लागि दरखास्त दिँदा "धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त फाराममा खुलाई आस्वा सदस्यहरुले तोकेको ढाँचामा दरखास्त आवेदन दिनु पर्नेछ ।
   (क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गर्नुपर्ने ।
   (ख) आवेदन दिंदा शेयर जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्ने ।
   (ग) आफ्नो बैंक खाता र हितग्राही खाता नम्बर सहि/स्पष्ट उल्लेख गरिनुपर्ने ।
   (घ) आवेदकले आफु स्वयंको हितग्राही खाता नम्बर उल्लेख गर्नुपर्ने ।
   (ङ) आवेदन गरेको निस्सा/प्रमाण, सम्बन्धीत संकलन केन्द्र (आस्वा सदस्य बैंक तथा वित्तीय संस्था) सँग अनिवार्य लिनुपर्ने ।
   (च) बैंक खाता रोक्का भए/नभएको यकिन गर्नुपर्ने ।
   (छ) एक व्यक्ति वा संस्थाले आफूले खरिद गर्न चाहेको इकाईको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्ति वा संस्थाको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
   (ज) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई इकाईको बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।
३. इकाई खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काश तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गर्नेछ ।
४. योजनाको इकाई खरिदका लागि आवेदन दिँदा आवेदन फाराममा आफुले लिन चाहेको इकाई संख्या तथा रकम स्पष्टरुपमा भरी बुझाउनु पर्दछ । योजनाका इकाईहरु खरीद गर्दा न्यूनतम १०० इकाई तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम १ करोड २० लाख ईकाइसम्म खरिद गर्न सकिनेछ । आवेदन फारामसाथ आवेदन बापतको शत् प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ ।
५. नेपाल धितोपत्र बोर्डबाट सहभागी बैंकको अनुमति प्राप्त बैंक तथा वित्तिय संस्था मध्ये आफ्नो खाता रहेको बैंक वित्तीय संस्थाबाट सी-आस्वा (CASBA) प्रणाली अर्न्तगत मात्र आवेदन गर्न सकिनेछ । सहभागी बैंक तथा वित्तीय संस्थाहरुले रु.५,००,०००।- वा सो भन्दा बढी दरखास्त दिने आवेदकको प्यान नं. रहेको तथा आवेदन बापत जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरि आर्जन नगरेको भनि उद्घोषण गरेको यकिन गर्नुपर्नेछ ।
६. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "**मेरो शेयर**" सफ्टवेयरबाट आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट ऋच्ल नं.लिईसकेको हुनुपर्नेछ।
७. आवेदकले विवरण पुस्तिका राम्रो अध्ययन गरेर मात्र आवदेन दिनु उपयुक्त हुन्छ ।
८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुदैन ।
९. इकाई बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१०. इकाईधनीहरुका लागि प्रवन्धपत्र तथा नियमावली प्राप्त गर्न वा हेर्न चाहेमा निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय वडा नं. १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौमा सम्पर्क राख्न सक्नु हुनेछ ।
११. इकाईको बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको इकाई निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने छ ।

## २३. निष्काशन बैंक (Bankers to the Issue) :

| सि.नं. | निष्कासन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | श्री ग्लोबल आइएमई बैंक लिमिटेड, कमलादी, काठमाण्डौ । | GICL-BTI-Global IME Balance Fund-1 | ०१०१०१०००७८०४ |

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस इकाई निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

## २४. विवरणपत्र पाईने स्थानहरु :

| क्र.सं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | ग्लोबल आइएमई बैंक लिमिटेड कमलादी, काठमाडौ स्थित केन्द्रीय कार्यालय । |
| २. | ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौ । |
| ३ | साथै योजना व्यवस्थापकको वेभसाइटः www.globalimecapital.com र कोष प्रवर्द्धकको वेभसाइट : www.globalimebank.com वा नेपाल धितोपत्र बोर्डको वेभसाइट : www.sebon.gov.np |
| **सि.नं.** | **दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान** |
| १. | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सी-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । |

## २५. ईकाइ बिक्री खुला गरिने मिति तथा अवधि :

स्वीकृत विवरण पुस्तिकाद्वारा निष्काशन गरिएको इकाईको लागि आवेदन दिने अवधि कम्तीमा ४ (चार) कार्य दिन तथा अधिकतम १५ (पन्ध्र) दिनको लागि हुनेछ ।

## २६. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

योजना निष्काशनका वखत उत्पन्न हुन सक्ने गुनासाहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यस्को समाधानका लागि योजना व्यवस्थापकका बरिष्ठ अधिकृत, (नियम पालना अधिकृत) श्री छविलाल शर्मा पौडेललाई नियुक्त गरिएको छ । नियम पालना अधिकृतले प्राप्त गुनासो सुन्ने सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासाहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक समक्ष राखी सो को समाधान गरिनेछ । सुझाव तथा गुनासोको लागि E-mail ID: suggestions.gimeb1@gicl.com.np मार्फत जानकारी पठाउने व्यवस्था गरिएको छ ।

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:**

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

**ग्लोबल आइएमई क्यापीटल लि.**
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-४५४५६४९/५०, फयाक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com